# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३३) काठमाडौं, चैत ६ गते २०४० साल (संख्या ४८


श्री ५ को सरकार

### आपूर्ति मन्त्रालयको

### सूचना

सर्वसाधारण जनताको दैनिक उपभोग्य वस्तुहरूको अप्रत्याशीत रूपमा मूल्य वृद्धि हुन नदिन र वस्तुहरूको कृत्रिम अभाव सृजना गरी कालो बजारसमेत गर्न नपाउने गरी श्री ५ को सरकारले देहायबमोजिमको व्यवस्था गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

१. कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा २ को खण्ड (घ) ले दिएको अधिकार प्रयोग गरी केन्द्रीय स्तरमा देहायका अध्यक्ष तथा सदस्यहरू भएको एक सल्लाहकार समिति गठन गरेको छ ।

| | | |
|---|---|---|
| १. सचिव | आपूर्ति मन्त्रालय | –अध्यक्ष |
| २. अञ्चलाधीश | वागमती अञ्चल | –सदस्य |
| ३. सह-सचिव | उद्योग मन्त्रालय | –सदस्य |
| ४. सह-सचिव | वाणिज्य मन्त्रालय | –सदस्य |
| ५. प्रतिनिधि | अर्थ मन्त्रालय | –सदस्य |
| ६. महा-निर्देशक | बजार सेवा विभाग | –सदस्य-सचिव |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. मूल्य निर्धारण उदेश्यको लागि अञ्चलमा देहाय अनुसार अध्यक्ष र सदस्यहरू भएको मूल्य निर्धारण सल्लाहकार समिति गठन गरेको छ ।

१. अञ्चलाधीश —अध्यक्ष

२. अञ्चल सदरमुकामका प्रमुख जिल्ला अधिकारी —उपाध्यक्ष

३. सभापति, जिल्ला पञ्चायत —सदस्य

४. भन्सार अधिकृत, अन्तःशुल्क अधिकृत, कर अधिकृत वा मालपोत अधिकृतमध्ये अध्यक्षले तोकेको व्यक्ति —सदस्य
(तर वागमती अञ्चलको लागि अर्थ मन्त्रालयको प्रतिनिधि सदस्य रहनेछ)

५. स्थानीय वाणिज्य संघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि —सदस्य

६. अध्यक्षले तोकेको व्यक्ति —सदस्य-सचिव

३. सल्लाहकार समितिले दिएको जानकारीको आधारमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीले दैनिक उपभोग्य वस्तुहरूको मूल्य-सूची सबै पसलहरूमा राख्न लगाउनेछन् र अप्रत्याशीत रूपमा वस्तुहरूको भाउमा वृद्धि गर्न नदिन र कृत्रिम अभावको स्थितिसमेत सृजना हुन नदिन निजले बराबर बजार सुपरिवेक्षण गर्नेछन् ।

४. कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ को दफा १४ को उपदफा (१) को प्रयोजनको लागि प्रत्येक जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई तोकिएको छ ।

५. कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२ अन्तर्गत सजाय हुने कसूरसम्बन्धी मुद्दाको शुरू कारवाई र किनारा गर्ने दफा १५ को प्रयोजनको लागि सम्बन्धित जिल्ला न्यायाधीशलाई तोकिएको छ ।

आज्ञाले,
सन्तबहादुर राई
श्री ५ को सरकारको का.मु. सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।